श्रीमान् संयोजकज्यू
सहकारी विकास समिति
धरान उपमहानगरपालिका,धरान

विषय : सहकारीको छ्वानविन प्रतिवेदन पेस गरेको बारे।

उपरोक्त सम्बन्धमा मिति २०७८/०४/०६ गते धरान उपमहानगरपालिका सहकारी विकास समितिका संयोजकज्यूको अध्यक्षतामा बसेको बैठकले भविष्य बचत तथा ऋण सहकारी संस्था लि.धरान-९,स्थितले निक्षेप रकम भुक्तानी (फिर्ता)नगरेको भनी निवेदन परेकाले, के कति कारणले भुक्तानी हुन नसकेको र संस्थाको अवस्था बारे अवगत गराउन भनी सिमित दायित्वका साथ श्री दिनेश श्रेष्ठज्यूको संयोजकत्वमा ५सदस्यीय छ्वानबिन समिति गठन भएको र उक्त समितिले तयार पारेको प्रतिवेदनलाइ तपाँइ संयोजकज्यू समक्ष पेश गरेको छु ।

संयोजक
श्री दिनेश श्रेष्ठ

# भविष्य बचत तथा ऋण सहकारी संस्था उजुरीमाथि छानविन गरी तयार पारिएको प्रतिवेदन ।

## पृष्ठभुमी

यस उपमहानगरपालिका क्षेत्रमा रहेको भविष्य सहकारी संस्थामा आफूहरुले जम्मा गरेको रकम ,उक्त संस्थाले फिर्ता नगरेका कारण फिर्ती प्रकृयाका लागि यस कार्यालयमा आवश्यक समन्वय गरिदिन अनुरोध गरेको र सो विषयमा स्थानीयवासीहरुद्धारा र बचतकर्ताहरु समेतले मौखिक तथा फोनका माध्यमवाट उपमहानगरपालिकामा बारम्वार समाधानका लागि अनुरोध गरेको सन्दर्भमा यस उपमहानगरपालिकाको सहकारी विकास समितिको बैठकको निर्णयानुसार जिल्ला सहकारी संघ लि सुनसरीका उपाध्यक्ष्, धरान उपमहानगरपालिकाका सहकारी विकास समितिका सदस्य श्री दिनेश श्रेष्ठज्यूको संयोजकत्वमा गठित ५ सदस्यीय पदाधिकारीहरुको ४ पटक बैठक राखिएको थियो ।

प्रतिवेदन निर्माणमा तपसिलका विधिहरु अपनाइ प्रतिवेदन बनाउने समितिको धारणा रहेको थियो।

- प्रश्नोउत्तर विधि
- खोज अनुसन्धान (कम्पुटर सफ्टवेरमा अभिलेख भएको र लेखा प्रतिवेदनहरु) विधि
- प्रत्यक्ष भेटघाट तथा छलफल विधि
- खाता तथा अभिलेखहरु निरिक्षण र विश्लेषण विधि

सारांशमा

यस उपमहानगरपालिका कार्यालयमा वडा नं.९ स्थित संचालनमा रहेको **श्री भविष्य बचत तथा ऋण सहकारी संस्था लि.**उपर खाता नं ००२१४०३०५००१०९१९ रहेका ,श्री रामप्रसाद लिम्वू ,फोन नं ९८६४४४८९५६८ रहेको र धरान १२ निवासी , फोन नं ९८५२०५६५२३ उल्लेख भएको रस्मी प्रधान गरी २ जनाको उजुरी यस कार्यालय परेकोले उजुरी समाधानका लागि यस उपमहानगरपालिकाको सहकारी विकास समितिको मिति २०७८/०४/०६ गते बसेको बैठकले छानबिन समिति गठन गरि उक्त संस्थामा भएका वास्तविकताको छानविन गर्नका उजुरी प्रतिवेदन समिति गठित गरिएकोले उक्त सहकारीको (संस्था)कार्यालयमा तोकिएका समितिका पदाधिकारीहरुद्धारा वारम्वार संस्थाको जिम्मेवार प्रतिनीधिलाइ (अध्यक्ष) सम्पर्क गर्दा नीज संस्थाका पदाधिकारीहरु नभेटिने,फोन सम्पर्क गर्दा फोन रिसिभ नहुने साथै संस्थाको खाता तथा कागजात प्राप्त गर्न कठिन भएका कारण प्रतिवेदन बनाउने कार्यमै सम्वन्धित संस्थाको असहयोग रहेको पाइयो।

समयमै निवेदकहरुको गुनासा तथा उजुरी समाधानकालागि सम्वन्धित संस्थालाइ उपमहानगरपालिकाको कार्यालयमा सम्पर्क गर्न र आवश्यक कार्वाही प्रकृया अगाडी बढाउन मनासिव देखिएकोले सोही अनुसार सहकारि विकास समिति धरान उपमहानगरपालिकालाइ अनुरोध छ।

**राय तथा निश्कर्ष**

१.सुरक्षित रुपमा ऋण लगानी नगरेको बुझिन्छ।

२ समितिका पदाधिकारीहरु संस्थामा सम्पर्क गर्दा सम्वन्धित सहकारीको असहयोगका कारण वास्तविक छानविन सहितको प्रतिवेदन तयार गर्न नसकिएकाले धरानमा रहेका अन्य सहकारीहरुको पनि सघन अनुगमन गरि सहकारीहरुको वर्गीकरण गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ ।

३ लेखा समिति, चारखाताहरु नभएको र उप समिति गठन नगरेकाले ३ वर्ष देखि साधरण सभा नभएको बुझिएकाले सधन अनुगमन हुन आबश्यक देखिन्छ।

अन्तमा प्रतिवेदन तयारीका क्रममा मलाइ सहयोग गर्ने मेरा सदस्य मित्रहरुलाइ हार्दिक आभार प्रकट गर्दछु र प्रतिवेदनमा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सक्कलनै यसै प्रतिवेदनमा संलग्न गरी यो छानविन प्रतिवेदन सहकारी विकास समिति धरान उपमहानगरपालिको संयोजकज्यू समक्ष पेश गरेको अनुरोध छ।

धन्यवाद । जय सहकारी

प्रतिवेदन छानविन समिति

| | |
|---|---|
| संयोजक | श्री दिनेश श्रेष्ठ |
| सदस्य | श्री चन्द्र सुवेदी |
| सदस्य | श्री काजी गिरी |
| सदस्य | श्री शादा थापा मगर |
| सदस्य सचिव | श्री भक्तिराज शर्म |

प्रथम बैठक २०७८।०४।१४

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री शारदा थापा मगर

श्री भक्तिराज शर्मा

निर्णय

भविष्य बचत तथा ऋण सहकारी संस्था उपर परेको उजुरी पछीको गठित छानविन समितिका पदाधिकारीहरुले प्रतिवेदन तयारी गर्ने कार्यका लागि  दिनेश **श्रेष्ठ** र चन्द्रबहादुर सुवेदीले लेखा तथा कम्प्युटरमा भएको हिसाब हेर्ने ,काजी गिरीले ऋणका फाइलहरु हेर्ने ,भक्तिराज शर्मा र शारदा थापा मगरले अन्य कुरामा चेकजाँच र सहयोग गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

दोश्रो बैठक २०७८।०४।१६

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री शादा थापा मगर

श्री भक्तिराज शर्मा

निर्णय

भविष्य बचत तथा ऋण सहकारी संस्थाले संचालन गरेको सफ्टवेयको माध्यमवाट गरिएका कारोवारका बारेमा वृस्तित अध्ययन गर्ने कार्य आजैवाट तँहा संस्थामै उपस्थिति भई शुरू गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

तेश्रो बैठक २०७८।०४।१८

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री शादा थापा मगर

श्री भक्तिराज शर्मा

निर्णयहरु

निर्णय नं १

भविष्य बचत तथा ऋण सहकारी संस्थाले प्रयोगमा ल्याएका लेजर खाता साथै म्यानुअल रेकर्डहरुका बारेमा वृस्तित अध्ययन गर्ने कार्य अजैवाट तँहा संस्थामै उपस्थिति भई शुरू गर्ने निर्णय गरियो।

निर्णय नं २

प्रतिवेदन तयारीकालागि आवश्यक विश्वसनियता तथा प्रमाणहरु जुटाउने कार्यकालागि आवश्यक प्रश्नावलीहरु तयारपारी भविष्य बचत तथा ऋण सहकारी संस्थाका जिम्मेवार प्रतिनिधि तथा कर्मचारीहरुवाट फारमहरु भर्नकालागि अनुरोध गर्ने र भरिएको प्रमाणका आधारमा समेत प्रतिवेदन तयार गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।

चौथो बैठक २०७८।०५।१५

उपस्थिति

श्री दिनेश श्रेष्ठ संयोजक

श्री चन्द्र सुवेदी सदस्य

श्री काजी गिरी

श्री शादा थापा मगर

श्री भक्तिराज शर्मा

निर्णय नं १

यस उपमहानगरपालिका कार्यालयमा वडा नं.९ स्थित संचालनमा रहेको **श्री भविष्य बचत तथा ऋण सहकारी संस्था लि.**उपर खाता नं ००२१४०३०५००१०९१९ रहेका, श्री रामप्रसाद लिम्वू ,फोन नं ९८६४४४८९५६८ रहेको र धरान १२ निवासी , फोन नं ९८५२०५६५२३ उल्लेख भएको रस्मी प्रधान गरी २ जनाको उजुरी यस कार्याललय परेकोले उजुरी समाधानका लागि यस उपमहानगरपालिकाको सहकारी विकास समितिको मिति २०७८/०५/०६ गते बसेको बैठकले छानबिन समिति गठन गरि उक्त संस्थामा भएका वास्तविकताको छानविन गर्नका उजुरी प्रतिवेदन समिति निर्माण गरिएकोले उक्त निकायको (संस्था)कार्यालयमा तोकिएका समितिका पदाधिकारीहरुद्धारा वारम्वार संस्थाको जिम्मेवार प्रतिनीधिलाइ (अध्यक्ष) सम्पर्क गर्दा नीज संस्थाका पदाधिकारीहरु नभेटिने,फोन सम्पर्क गर्दा फोन रिसिभ नहुने साथै संस्थाको खाता तथा कागजात प्राप्त गर्न कठिन भएका कारण प्रतिवेदन बनाउने कार्यमै सम्वन्धित संस्थाको असहयोग रहेको निर्णय गरियो।

समयमै निवेदकहरुको गुनासा तथा उजुरी समाधानकालागि सम्वन्धित संस्थालाइ उपमहानगरपालिकाको कार्यालयमा सम्पर्क गर्ने कार्यकालागि र मौजुदा कानुन वमोजिम आवश्यक कार्वाही प्रकृया अगाडी बढाउन प्रतिवेदनमा उल्लेख गर्ने निर्णय गरियो।

निर्णय नं २

प्रतिवेदन समितिका पदाधिकारीवाट हाल सम्म (आन्तरिक तथा वाह्यय तरिकावाट)तयार गरिएका सामाग्री तथा खोज अनुसन्धानमुलक प्रतिक्रियाहरु माथि छलफल गरियो र छलफलवाट सर्वसम्मत निर्णित वुंदाहरुलाइ समेटी बनाइएको प्रतिवेदनलाइ सहकारी विकास समिति समक्ष पेश गर्ने निर्णय गरियो।

अन्त्यमा संयोजकज्यूवाट सधन्यवाद सहित बैठक समापन गर्नुभयो।